धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.:-
च.नं.:-

मितिः २०८३।७।१०

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

श्री सम्बन्धित सामुदायिक विद्यालयहरु
धुनिवेशी नगरपालिका, धादिङ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब.०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यकता भएका ईच्छुक विद्यालयहरुले निम्न कागजात सहित मिति २०८३।८।७ गते भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्न हुन यस नगरपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सहायता वितरण कार्यविधि, २०८३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत

देहाय :

प्रमुख प्रशासकीय अधिकृत

क्र.सं	कार्यक्रम विवरण	विनियोजित बजेट	प्रस्ताव पेश गर्न सकिने अवस्था र क्षेत्र
१	विद्यालयको कार्ययोजना तथा नगर कार्यविधि अनुसार सुधार तथा प्रोत्साहन अनुदान	४००००००	विद्यालयको शैक्षिक गुणस्तर वृद्धि तथा नतिजा सुधारका कार्यक्रम, विद्युतिय सामग्री मर्मत सम्भार कार्यक्रम, अतिरिक्त कृयाकलाप सञ्चालन सम्बन्धि कार्यक्रम, विजुली वत्ति तथा इन्टरनेट व्यवस्थापन कार्यक्रम, पुस्तकालय व्यवस्थापन लगायत विद्यालय व्यवस्थापन समितिले आवश्यक ठानेका विद्यार्थीको नतिजा सुधारसँग सम्बन्धित अन्य कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक विद्यालयहरु
२	विद्यालयमा भौतिक पूर्वाधार निर्माण तथा सुधार	३००००००	विद्यालयको पूर्वाधार जस्तै कक्षाकोठा, घेरबार, खेल मैदान, शौचालय निर्माण एवं मर्मत सम्भार गर्न तथा विद्यालय व्यवस्थापन समितिले आवश्यक ठानेका अन्य पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक भएका ईच्छुक विद्यालयहरु
३	विद्यालयमा सिक्दै कमाउदै कार्यक्रम	१००००००	संघीय सरकारबाट स्वीकृत भएको पढदै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम कार्यक्रम सञ्चालन गर्न ईच्छुक विद्यालय
४	सामुदायिक विद्यालयमा बाल उद्यान कार्यक्रम	५०००००	गत विगतको आर्थिक वर्षमा यस्तो प्रकारको अनुदान प्राप्त नगरेका र हाल सम्म विद्यालयमा बाल उद्यान निर्माण नभएका ईच्छुक विद्यालय
५	गणित पार्क	५०००००	हाल सम्म यस्तो पार्क निर्माण नभएका विद्यालयहरु

प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु :

१. पृष्ठभूमी, कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, लक्षित वर्ग र संख्या, प्रस्ताव गरिएको क्रियाकलापहरू, अपेक्षित प्रतिफल, अनुमानित बजेट विवरण, कार्ययोजना सहितको प्रधानाध्यापकबाट प्रमाणित प्रस्ताव -१
२. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि-१
३. सम्बन्धित वडा कार्यालयको सिफारिस-१
४. विद्यालयको माग पत्र -१

बोधार्थ : सूचना प्रविधि शाखा, धुनिवेशी नगरपालिका (नगरपालिकाको Website र Facebook Page मा सूचना Upload गरिदिनु हुन)

CamScanner